का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ चैत २०७८,
शुक्रबार
1 April 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ५५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



लाग्यो चुनावः जुम्लाको सिंजा गाउँपालिकाको नराकोटमा बिहीबार आयोजित नेकपा एमालेको जनसभामा सहभागीहरु । तस्वीरः विजय रावत, रासस

**कोभिडबाट सचेत रहौं**

- कोरोना संक्रमणको जोखिम अझै कायम छ ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोना विरूद्धको खोप लिऔं ।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं ।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### सत्ता गठबन्धनमा सहमति

# शक्ति आँकलन गर्न संयन्त्र

स्थानीय तहको निर्वाचनमा तालमेल गर्न हरेक पालिकाका दलहरुको शक्ति आकलन गर्न प्रदेश, जिल्ला र पालिकास्तरमा संयन्त्र बनाउने निर्णय भएको छ ।



प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको सत्ता गठबन्धनको बैठकमा शीर्ष नेताहरु । तस्वीरः रोसन सापकोटा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ चैत ।

स्थानीय तहको निर्वाचनमा पाँच दलीय गठबन्धन कायमै रहने भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको गठबन्धनको बैठकले स्थानीय निर्वाचनमा तालमेल गरेर जाने सहमति गरेको हो ।

सत्ता गठबन्धनबीचको सहमति अनुसार ६ महानगरपालिकाको निर्णय केन्द्रबाट हुनेछ भने अन्य स्थानीय तहको तालमेलको निर्णय स्थानीयस्तरमै हुने भएको छ । स्थानीय तहको निर्वाचनमा तालमेल गर्न हरेक पालिकाका दलहरुको शक्ति आकलन गर्न प्रदेश, जिल्ला र पालिकास्तरमा संयन्त्र बनाउने निर्णय पनि भएको छ । 'प्रदेश, जिल्ला र स्थानीय तहमा तत्कालै गठबन्धन दलको संयन्त्र बन्छ, त्यसले आफ्नो क्षेत्रमा गठबन्धनको अवस्था कस्तो छ भन्नेबारे विस्तृतमा प्रतिवेदन तयार गरेर केन्द्रलाई पठाउँछ' सूचना तथा प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भने, 'आगामी निर्वाचनमा हामी राष्ट्रियसभा सदस्यको निर्वाचनमा जस्तै एक ठाउँमा उभिएर चुनाव लड्छौं ।' संयन्त्रले आगामी चैत्र २२ गतेभित्र पाँच दलको अवस्था कस्तो छ भन्नेबारे केन्द्रलाई प्रतिवेदन बुझाउनुपर्ने गठबन्धनको निर्देशन छ ।



> आगामी निर्वाचनमा हामी राष्ट्रियसभा सदस्यको निर्वाचनमा जस्तै एक ठाउँमा उभिएर चुनाव लड्छौं ।
>
> **ज्ञानेन्द्रबहादुर कार्की**
> नेता, नेपाली कांग्रेस

'हामीले जसरी राष्ट्रियसभामा चुनाव लड्यौं, त्यसरी नै पाँच दलीय गठबन्धन एक ठाउँमा उभिएर चुनाव लड्ने निर्णय गरेका छौं,' मन्त्री काकीले बताए । देशभरका संयन्त्रले रिपोर्ट बुझाएपछि कसरी भागबण्डा गर्ने भन्ने निर्णयमा पुग्ने उनको भनाई छ । सत्ता गठबन्धनले चुनावी तालमेल गरेर अघि बढ्ने निर्णय गरेसँगै बाँकी रहेका दलसँग सहकार्य नहुने भएको छ ।

एमालेले गठबन्धनमा रहेका दलहरूसँग चुनावी तालमेलको प्रयास गरेकाले गठबन्धनको ढोका बन्द गरिदिएको बैठकमा सहभागी एक नेताले जानकारी दिए । 'गठबन्धनको आजको बैठकले तत्काललाई गठबन्धन दलहरूले एमाले वा अर्को दलसँग गठबन्धन गर्ने बाटो बन्द गरिदिएको छ' उनले भने ।

'चुनावी तालमेलको पहिलो प्राथमिकतामा सत्ता गठबन्धनलाई राखिएको छ, गठबन्धनको दलले अर्को दलसँग तालमेल गर्न नपाइने र त्यसको छलफल समेत गर्न नपाइने आन्तरिक सहमति भएको ती नेताले जानकारी दिए । उक्त निर्णयसँगै एमाले, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत दललाई गठबन्धनका दलसँग चुनावी सहकार्य गर्ने ढोका बन्द भएको छ ।

# एमाले र लोसपा एक्ला एक्लै !

> 'हामी एक्लै सक्षम छौं । दुई तिहाइ ल्याउन नसकौंला तर, ठूलो दल हुनबाट रोकिँदैनौं'
>
> **सुवास नेम्वाङ**
> उपनेता, नेकपा एमाले

> 'कुनैपनि दलसँग माथिबाटै तालमेल गरिन्न । स्थानीय स्तरमै हुने संभावना ावनालाई नकार्ने कुरा चाहीँ भएन'
>
> **लक्ष्मणलाल कर्ण**
> नेता, लोसपा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ चैत ।

प्रमुख विपक्षी नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टीले आगामी बैशाख ३० गते हुने स्थानीय तहको चुनावमा एक्ला एक्लै प्रतिस्प्रधा गर्ने भएका छन् । दुबै दलको केन्द्रीय स्तरबाटै गठबन्धन कुनै पनि दलसँग नहुने भएको छ ।

लोसपाले त औपचारिक रुपमै कुनै पनि दलसँग तालमेल नगर्ने निर्णय लिएको छ । एमालेले भने कुनै पनि दलसँग तालमेल नगर्ने निर्णय नै भनेको गरेको छैन् ।

एमाले-लोसपा तालमेलको चर्चा चलेको थियो । केपी ओली नेतृत्वको सरकार ढल्न खोज्दा लोसपाका अध्यक्ष महन्थ ठाकुरले साथ दिएका थिए ।

तर, पछिल्लो समय लोसपा वर्तमान सरकारमै सहभागी हुने गरी सत्तारुढ पाँच दलीय गठबन्धनमा मिसिन खोज्यो । गत बुधवार प्रधानमन्त्री शेरबहादुर देउवा र लोसपा अध्यक्ष ठाकुरबीच भेटवार्ता पनि भयो ।

एमसीसी पास गर्न सघाएपछि खुसी भएका देउवा लोसपालाई पनि चुनावमासँगसँगै लाने मनस्थितीमा देखिएका थिए । तर, लोसपाले विगतदेखि राख्दै आएको मधेस आन्दोलनका क्रममा मुद्दा लागेका कतिपय नेता कार्यकर्ता निशर्त रिहा, चुनावी तालमेल लगायतका मागहरु अघि सारेपछि रोकियो ।

यही बीचमा एमालेसँगको सहकार्यको विषय पनि पर पुगेपछि लोसपाको बिहीवार बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले स्थानीय तहको निर्वाचनमा कुनै पनि खास पार्टीसँग गठबन्धन नगर्ने निर्णय गऱ्यो ।

'एमालेसंग मात्रै होइन कुनैपनि दलसँग माथिबाटै तालमेल गरिन्न । स्थानीय स्तरमै हुने संभावनालाई नकार्ने कुरा चाहीँ भएन' लोसपा नेता लक्ष्मणलाल कर्णले भने ।

एमाले दावी

– बाँकी पृष्ठ २ मा

# 'डमी' उम्मेद्वारको डर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ चैत ।

राजनीतिक दलहरुले आगामी स्थानीय तहको चुनावमा डमी उम्मेदवारबारे चिन्ता प्रकट गरेका छन् । बिहीबार निर्वाचन आयोगले ललितपुरमा ' आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा सरोकारवालाहरुको भूमिका' विषयक कार्यक्रम राखेको थियो । उपस्थित भएका राजनीतिक दलका प्रतिनिधिहरुले डमी उम्मेदवारबारे चिन्ता प्रकट गरेका हुन् ।

आगामी वैशाख ३० गते देशभर स्थानीय तहको निर्वाचन हुँदैछ । निर्वाचन आयोगले आचारसंहिता बनाएर सार्वजनिक गरिसकेको छ । उक्त आचानरसंहिताबारे आयोगले देशभर जानकारीमूलक कार्यक्रम गरेको छ ।

आयोगका प्रमुख आयुक्त दिनेश थपलियाका अनुसार आचारसंहिता पालना गर्नु अघि आयोगले देशभर जानकारीमुलक कार्यक्रम गरेको हो । यही चैत ९ गते देखि सात वटै प्रदेशको १५ वटा जिल्लाका अन्तरक्रिया शुरु गरेको र बिहीबार ललितपुरमा अन्तिम कार्यक्रम गरेको उनले जानकारी दिए । प्रमुख आयुक्त थपलियाले अब आयोगमै सर्वदलीय बेठक राखेर आचारसंहिता लागू गर्ने मिति तय गर्ने बताएका छन् ।

आचारसंहिताको कार्यान्वयनबारे ललितपुरमा भएको कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि र सरोकारवालाहरुले आचारसंहिता पालना गर्ने प्रतिवद्धता जनाएका छन् । साथसाथै आचारसंहिताको पूर्ण पालना गराउनेमा सर्तक रहन आयोगलाई आग्रह गरेका छन् ।

साथसाथै निर्वाचनमा हुन सक्ने डमी उम्मेदवारको विषयमा पनि दलहरुले चासो देखाएका हुन् ।

प्रमुख विपक्षी दल नेकपा एमाले नेता खेम प्रसाद लोहनीले डमी उम्मेदवार खडा गर्ने प्रवृति ठूलो समस्याको रुपमा रहेको बताए । 'डमी उम्मेदवार मुलुककै समस्याका रुपमा देखा परेको छ' उनले भने । डमी उम्मेदवार खडा गरेर चुनावी प्रचार प्रसार, चुनावी खर्चको सीमा देखाउने

– बाँकी पृष्ठ २ मा

# श्रमिकको स्वास्थ्य परीक्षण गर्ने संस्थालाई पारदर्शी र व्यवस्थित बनाउने श्रममन्त्रीको उद्घोष

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था पारदर्शी र व्यवस्थित गर्ने उद्घोष गरेका छन् । स्वास्थ्य परीक्षण गर्ने संस्थाहरुसँग मन्त्रालयले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा मन्त्री श्रेष्ठले स्वास्थ्य संस्थाको सूचीकरण, नवीकरण, अनुगमन तथा निरीक्षणसम्बन्धी कार्यलाई प्रभावकारी, पारदर्शी, नियमित र व्यवस्थित गरिने बताए ।

विदेशमा रहेका नेपाली श्रमिकको स्वास्थ्य र सुरक्षाप्रति सरकार गम्भीर रहेको भन्दै मन्त्री श्रेष्ठले नक्कली स्वास्थ्य परीक्षण रिपोर्ट बनाउनेदेखि सरकारले तोकेको मापदण्ड नपुगेका स्वास्थ्य संस्थामार्फत रिपोर्ट बनाउने प्रवृत्ति अन्त्य गरिने बताए । वैदेशिक रोजगारका समग्र चरण तथा प्रक्रियाहरुलाई पारदर्शी, व्यवस्थित र सुरक्षित बनाउने ध्येयका साथ आफ्नो नेतृत्वमा मन्त्रालयले काम गरिरहेको उनले बताए । मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीको लागि जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न निर्धारण गरिएको मूल्य समयानुकुल समायोजनका लागि मन्त्रालय तयार रहेको बताए ।

मन्त्रालयका सचिव एकनारायण अर्यालले गन्तव्य मुलुकमा गइसकेपछि श्रमिकलाई निम्तन सक्ने स्वास्थ्य समस्याबाट बच्न नयाँ मापदण्ड बनाएर कडाइका साथ अनुगमन गर्ने मन्त्रालयको योजना रहेको बताए । सचिव अर्यालले

– बाँकी पृष्ठ २ मा




**वैदेशिक रोजगार विशेष**

### तीन देशको श्रम स्वीकृति बन्द

**काठमाडौं/मस–** रुस-युक्रेन युद्धका कारण असुरक्षा बढेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तत्कालका लागि सेसेल्स, क्रोएसिया र मोरिससको श्रम स्वीकृति रोकेको छ ।

वैदेशिक रोजगार काठमाडौं कार्यालय, ताहाचलले मन्त्रालयको निर्देशनअनुसार ती मुलुकमा जाने नेपाली कामदारको श्रम स्वीकृति रोकेको बताएको छ । ती मुलुकमा संस्थागत भन्दा व्यक्तिगत श्रम स्वीकृतिमा नेपाली कामदार जाने गरेका छन् ।

व्यक्तिगत श्रम स्वीकृतिमा रोजगारीमा जाँदा जोखिम बढी रहने सरकारी तथा गैरसरकारी अध्ययनहरूले देखाउने गरेको छ । मुलुकमा ८ सय ६० म्यानपावर कम्पनी रहेको अवस्थामा उनीहरूमार्फत नै पठाउनु उपयुक्त हुने राय मन्त्रीसमक्ष पुगेको बताइएको छ ।

### कार्कीले पनि गरे एसोसिएसनको अध्यक्षमा दाबी



काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको निर्वाचन नजिकिँदै गर्दा उम्मेद्वार आकाक्षीहरु बढ्दै गएका छन् । यसैक्रममा पुराना व्यवसायी राजकुमार कार्कीले आफुले एसोसिएसनको अध्यक्ष पदमा उम्मेद्वारी दिने बताएका

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ चैत २०७८, शुक्रबार
1 April 2022, Friday

# 'पूर्ण प्रेस स्वतन्त्रताप्रति सरकार प्रतिबद्ध'



**काठमाडौं, १७ चैत ।** प्रधानमन्त्री शेरबहादुर देउवाले सरकार पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको बताएका छन् । रिपोर्टर्स क्लब नेपालको २४औं वार्षिकोत्सवका अवसरमा बिहीबार आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले वर्तमान सरकार पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा रहेको बताए ।

नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री देउवाले नेपाली कांग्रेस नागरिकको विचार अभिव्यक्ति एवं पूर्ण प्रेस स्वतन्त्रतासहितको लोकतन्त्रको पक्षमा रहेको पनि स्पष्ट पारे ।

नेपाली कांग्रेसले स्थापना कालदेखि नै लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा वकालत गर्दै आएको बताउँदै उनले अहिले पनि आफ्नो पार्टी यही पक्षमा दृढ रहेको बताए । प्रधानमन्त्री देउवाले पूर्ण प्रेस स्वतन्त्रताले लोकतन्त्रलाई चलाएमान बताउने बताउँदै अब हुने स्थानीय, प्रदेश र सङ्घको निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने गरी सहयोग गर्न आमसञ्चार माध्यमसँग अनुरोध पनि गरे ।

उनले भने, 'मुलुकको विकासको लागि सञ्चार माध्यमको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ, मुलुकमा लोकतान्त्रिक शासन व्यवस्था स्थापित गर्न मिडियाको भूमिका महत्वपूर्ण छ, अब निर्वाचन सम्पन्न गरी मुलुकलाई आर्थिक समृद्धितर्फ लैजानका लागि पनि मिडियाले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने छ ।'

प्रधानमन्त्री देउवाले गठनबन्धनलाई निरन्तरता दिने पार्टीको निर्णय सुनाउँदै यही गठबन्धनलाई अझै बढी बलियो र एकताबद्ध बनाएर लैजाने बताए । उनले पछिल्लो समयमा सूचना प्रविधिको विकासले सञ्चार क्षेत्रमा ठूलो फड्को मारेको बताउँदै सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा मिथ्या र भ्रामक समाचार र सूचना पनि बढ्न थालेको भन्दै चिन्ता व्यक्त गरे ।

## स्रोत नखुलेको ६३ लाखसहित ३ जना पक्राउ



**जलेश्वर, मस–** पाँच दिनको अवधिमा महोत्तरीमा स्रोत नखुलेको ६३ लाख रुपैयाँसहित ३ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार गत आइतबार ५५ लाखसहित दुई युवक पक्राउ परेका थिए भने बिहीबार ८ लाखसहित थप एक युवक पक्राउ परेका हुन् ।

जिल्लाको जलेश्वर-बर्दिबास सडकखण्डको औरहीमा गत आइतबार दिउँसो स्रोत नखुलेको ५५ लाखसहित औरही नगरपालिका-२ चेपकट गाउँ बस्ने २० वर्षीय धीरजकुमार यादव र सोही स्थान निवासी १८ वर्षीय रमेशकुमार सहनी पक्राउ परेका थिए । ज ९प ८२४७ नं को मोटरसाइकलमा बसेर कालो झोलामा रु ५५ लाख बोकी गइरहको अवस्थामा प्रहरीले शङ्का लागि जाँच गर्दा उनीहरु पक्राउ परेका थिए । रकमको स्रोत खुलाउन नमानेपछि उनीहरुलाई प्रहरीले कारबाहीका लागि बरामद रकमसहित जलेश्वर भन्सार कार्यालयमा बुझाएको थियो ।

त्यसैगरी भारतबाट स्रोत नखुलेको करिब ८ लाखसहित नेपाल प्रवेश गरेका औरही नगरपालिका-५ बस्ने रामश्रेष्ठ दासका छोरा २० वर्षीय वीरेन्द्रकुमारलाई गएराति प्रहरीले पक्राउ गरेको थियो । भारत बिहारको कन्हमा सहरबाट कम्मरमा बेरेको कपडा भित्र रकम राखी साइकलमा सम्सी गाउँपालिका-स्थित प्रहरीचौकी नजिक आउँदै गरेका उनीमाथि शङ्का लागि जाँच गर्दा प्रहरीले स्रोत नखुलेको सात लाख ९१ हजार बरामद गरेको थियो । पक्राउ परेका दासलाई गएराति नै मुख्य भन्सार कार्यालय जलेश्वरमा लगिएकामा कार्यालय बन्द भएकाले बिहीबार बुझाइएको प्रहरी नायब उपरीक्षक विष्टले बताए ।

## टोखामा 'जनप्रतिनिधिसँग विद्यार्थी कार्यक्रम'




**काठमाडौं, मस–** काठमाडौंको टोखा नगरपालिकामा ' जनप्रतिनिधीसँग विद्यार्थी कार्यक्रम' सम्पन्न भएको छ । विद्यार्थीलाई जनप्रतिनिधिले गरेको कामका बारेमा जानकारी गराउनका साथै सङ्घीयताको प्रवर्द्धन गर्नका लागि उक्त कार्यक्रम सञ्चालन गरिएको हो ।

नगरपालिकाका शिक्षा शाखाप्रमुख बाबुराम गौतमले नगरपालिकाको शिक्षा, स्वास्थ्य र महिला तथा बालबालिका शाखाबाट सम्पादन गरिएका कार्यलाई विद्यार्थीमाझ चिनाउनका लागि 'जनप्रतिनिधीसँग विद्यार्थी कार्यक्रम' सञ्चालन गरिएको जानकारी दिए ।

कार्यक्रममा नगरपालिका भित्रका प्रत्येक विद्यालयका तीन छात्रा, तीन छात्र र एक शिक्षकलाई समावेश गरिएको थियो । नगरपालिकामा हाल आठ सामुदायिक र ८५ संस्थागत विद्यालय छन् । कार्यक्रममा कक्षा ६ देखि १२ सम्मका विद्यार्थीको सहभागिता रहेको थियो । उक्त कार्यक्रमले सङ्घीयता कार्यान्वयनमा समेत सहयोग पुऱ्याएको सो नगरपालिकाले जनाएको छ । उनले ' जनप्रतिनिधिसँग विद्यार्थी कार्यक्रम' मा टोखाभरिका ५०० भन्दा बढी शिक्षक तथा विद्यार्थीको सहभागिता रहेको थियो । गत फागुनको दोस्रो हप्तादेखि सुरु गरिएको उक्त कार्यक्रम टोखाका ११ वटै वडामा सञ्चालन गरिएको उनको भनाइ छ ।

नगर प्रमुख प्रकाश अधिकारी, उपप्रमुख ज्ञानमाया डङ्गोल, शिक्षा शाखाप्रमुख, स्वास्थ्य शाखाप्रमुख, महिला तथा बालबालिका शाखाप्रमुख, ११ वटै वडाका जनप्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा नगरपालिकाले शिक्षा, स्वास्थ्य र महिला तथा बालबालिकाको हकहितका लागि गरिएको कामबारे विद्यार्थीलाई अवगत गराइएको थियो ।

## रौतहटमा निर्वाचनमा पत्रकारको भूमिकाबारे विचार गोष्ठी सम्पन्न

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १७ चैत ।

नेपाल पत्रकार महासंघ रौतहट शाखाले स्थानीय तहको निर्वाचनमा पत्रकारको भूमिका विषयक विचार गोष्ठी सम्पन्न गरेको छ ।

महासंघको ६७औं स्थापना दिवसको अवसरमा गौरमा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाहीले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पत्रकारले आचारसंहिताको पूर्ण पालना गर्नुपर्ने बताए ।कार्यक्रममा अन्य वक्ताहरुले पनि निर्वाचन आचारसंहिताको पूर्ण पालन हुनुपर्ने बताएका थिए । कार्यक्रममा सशस्त्र प्रहरी प्रमुख ध्रुव कार्की, जिल्ला निर्वाचन अधिकृत छोटेलाल दाश, राजपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुर, उद्योग वाणिज्य संघ रौतहटका अध्यक्ष पंडित जयसवाल, नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झा, कोषाध्यक्ष धमेन्द्र साह, महासंघ मधेश प्रदेश कमिटी सदस्य शैलेन्द्र झाका साथै सञ्चारकमीहरको उपस्थिति रहेको थियो ।

## 'सरकारी सम्पत्तिमा मनपरी गर्नेलाई छुट छैन'

काठमाडौं/मस- संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आलेले नेपाल सबै जातजाती तथा धर्मावलम्बीहरुको साझा फूलबारी भएको बताएका छन् ।

नेपाल विश्व हिन्दू महासंघले बिहीबार काठमाडौंमा आयोजना गरेको हिन्दू अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उनले हाम्रो संविधानले सबै जातिको अधिकार समान रहने गरी धर्मनिरपेक्ष राष्ट्रको परिकल्पना गरेकाले यो राष्ट्र सबैको साझा फूलबारी भएको बताए ।

उनले भने 'हाम्रो राष्ट्र सबै जातजाति तथा धर्मावलम्बीहरुको अधिकार समान रहने गरी धर्मनिरपेक्ष राष्ट्र घोषित भएको छ, अब यो कुनै एक जातजाति र धर्मावलम्बीको मात्रै देश होइन सबैको साझा देश हो ।'

मन्त्री आलेले नेपाल एक बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक तथा विशेषतायुक्त राष्ट्र भएकाले यहाँ सबैले सामाजिक सद्भाव कायम राखी आ-आफ्ना कला, संस्कृति तथा धार्मिक कार्यहरु गर्न पाउने अधिकार भएको बताए ।

पछिल्लो समय धार्मिक स्थलमा रहेका जग्गा, जमिन तथा भवनहरु अतिक्रमण गर्ने क्रम बढेकाले ती अतिक्रमण भएका जग्गा, मठ, मन्दिरहरु सबै फिर्ता ल्याउने काम भइरहेको समेत मन्त्री आलेले जिकिर गरे । उनले भने, 'म सरकारी सम्पत्ति हडप्नेका विरुद्धमा खरो रुपमा उत्रिएको छु, राम्रो काम गरेकाले मैले नागरिकको साथ र सहयोग पाइरहेको छु, सरकारी सम्पत्तिमा मनपरि गर्नेलाई कदापि छुट दिने छैन ।'

## सबै बिरामीलाई औषधिमा १० प्रतिशत छुट

**मार्तडी, मस–** जिल्ला अस्पताल बाजुराले बिरामीलाई प्रत्येक औषधिमा दश प्रतिशत छुट दिइने भएको छ ।

अस्पतालले बिहीबार देखि लागू हुने गरी अस्पतालमा उपचाररत र उपचार गर्न आएका बिरामीलाई औषधिमा दश प्रतिशत छुट दिने निर्णय गरेको अस्पताल व्यवस्थापन समितिका नव नियुक्त अध्यक्ष मानबहादुर कार्कीले जानकारी दिए ।

अस्पतालमा हाल ७० प्रकारका औषधि नि:शुल्क पाइने र त्यसबाहेका औषधि किन्दा १० प्रतिशत छुट गर्ने निर्णय गरिएको अध्यक्ष कार्कीले बताए । अस्पताललाई जनमुखी बनाउने गरी काम गर्ने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कार्कीको भनाइ छ । सम्मेलनमा ५० शय्याको अस्पताल निर्माणाधीन रहेको र तत्काल सम्पन्न गरी निर्माण भएको नयाँ भवनबाट सेवा प्रदान गर्ने कार्कीले बताए ।

### एमाले ...

नेकपा एमालेका संसदीय दलका उपनेता सुवास नेम्वाङ एमाले एक्लै चुनावी प्रतिप्रधाका लागि सक्षम रहेको बताउँछन् । ' भन्नेले पार्टी फुटेको भन्दा त्यो चोइटिएको हो । त्यसको परिपुर्ति त माओवादीबाट ठूलो संख्यामा एमालेमै रहेकोबाट हुन्छ' नेम्वाङले मध्यान्हसँग भने ।

२०७४ सालको स्थानीय तहको चुनावमा एमालेले २९४ स्थानीय तह जितेको स्मरण गर्दै उनले अहिले त्यो भन्दा माथि जीत हात पर्ने पार्टीको प्रारम्भिक मुल्याङ्कन रहेको बताए ।

अहिले पनि पार्टीमा प्रवेश गर्नेहरुको लहर रहेको भन्दै उनले थपे, 'हामी एक्लै सक्षम छौं । दुई तिहाइ ल्याउन नसकौंला तर, ठूलो दल हुनबाट रोकिँदैनौं ।'

एक्लै सक्षम भएपनि एमालेले चुनावी तालमेलको ढोका खुलै राखेको उनले बताए ।

'तालमेल कसैसँग गर्दैनौं भन्दैनौं स्थानीय स्तरमा हुने सम्भावनालाई ख्याल गरेर स्थानीय स्तरमा तालमेल हुन सक्छ । खास पार्टी भन्दा पनि तालमेलका अनेक प्रयास र विकल्प हुन्छन्' नेम्वाङले भने । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि एमालेले ६० प्रतिशतसम्म पार्टीले जित्ने बताउँदै आएका छन् ।

### डमी...

प्रवृति निरुत्साहित गरिनुपर्ने उनको भनाई छ । 'डमी उम्मेदवारको तर्फबाट मतगणना स्थलमा प्रतिनिधिहरु लगेर गणनामै तलमाथि गर्ने प्रयास समेत हुन सक्छ' उनले भने, 'यसतर्फ आयोगले ख्याल गर्नुपर्ने देखिन्छ ।' नेकपा एकीकृत समाजवादीका नेता माधव पौडेलले डमी उम्मेदवार खडा गर्ने प्रवृतिलाई पुरै अन्त्य गरिनुपर्ने बताए । 'स्वतन्त्र उम्मेदवारको नाममा डमी उम्मेदवारको भीड अन्त्य गरिनुपर्छ' उनले भने ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता राधेश्याम अधिकारी, लोकतान्त्रिक समाजवादी नेता लक्ष्मणलाल कर्ण, नेकपा एकीकृत समाजवादीका नेता जीवनराम श्रेष्ठ लगायतको पनि सहभागिता थियो । उनीहरुले पनि डमी उम्मेदवारको विषयमा अन्य नेताहरुले राखेको विषयमा समर्थन जनाएका थिए ।

### श्रमिकको...

स्वदेशका अस्पताल तथा स्वास्थ्य संस्थामार्फत बनाइएको स्वास्थ्य परीक्षण रिपोर्ट गलत भएका कारण श्रमिक विदेश पुगेर पुन: स्वास्थ्य परीक्षण गर्दा 'अयोग्य' भएर फर्किनुपरे सम्बन्धित संस्थालाई कारबाही गरिने बताए ।

मन्त्रालयका सहसचिव राजीव पोखरेलले श्रमिकको स्वास्थ्य परीक्षणसम्बन्धी नीतिगत, संवैधानिक तथा कानूनी व्यवस्था, स्वास्थ्य संस्थाको मापदण्ड र सरोकारवाला निकायको भूमिकासम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।

मन्त्रालयका सल्लाहकार डा. केशव बस्यालले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको स्वास्थ्यका कारणबाट सिर्जना हुने समस्या न्यूनीकरण गर्न सम्वद्ध मुलुकको सामाजिक-आर्थिक तथा स्वास्थ्य चुनौतीबारे जानकारी दिई सोहीअनुरुपको मापदण्ड कार्यान्वयन गर्नुपर्ने बताए ।

कार्यक्रममा वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाका प्रतिनिधि तथा सरोकारवालाहरुले यस क्षेत्रका चुनौती तथा समाधानका उपायबारे विचार व्यक्त गरेका थिए । प्रयोगशाला, रेडियोलोजी र स्वास्थ्य परीक्षण कक्षमा हुनुपर्ने आवश्यक औजार तथा उपकरण अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाउनुपर्ने सरोकारवालाहरुको भनाइ छ । वैदेशिक रोजगार ऐन २०६४ ले जुनसुकै मुलुकमा जाने श्रमिकलाई स्वास्थ्य परीक्षण अनिवार्य गरेको छ । मन्त्रालयले स्वास्थ्य संस्थाको सूचीकरण, नविकरण र अनुगमन तथा निरीक्षणसम्बन्धी काम गर्दै आएको छ ।

### कार्कीले ....

छन् । कवि, लेखक तथा बत्तीसपुतलीस्थित मियोन इन्टरनेशनल प्रा.लि.का प्रवन्ध निर्देशक कार्कीले आफुसमेत का'ग्रेस निकट थोरै व्यवसायी मिलेर डेढ दशक अगाडी एसोसिएशनको परिकल्पना गरेर नेपाल बैदेशिक रोजगार व्यवसायी संघको नेतृत्व तहमा लोकतान्त्रिक पक्षधर व्यवसायीहरुलाई पु¥याएको उल्लेख गर्दै आगामी दिनमा एसोसिएसनलाई आम व्यवसायी माँझ लोकप्रिय बनाउन आफु सक्षम रहेको दावी गरे । वरिष्ठताको आधारमा पनि आफुले एसोसिएसनको नेतृत्व गर्न पाउनु पर्ने उल्लेख गर्दै कार्कीले यसअघि अन्य साथिहरुलाई नेतृत्व गर्न छोडेको जिकिर गरे ।

अध्यक्षका लागि हालका वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल र पूर्व उपाध्यक्ष ऋषि शर्माको चर्चा छ भने कतिपय अग्रज व्यवसायीहरूले दुई वर्षे कार्यकाल निर्विवाद रूपमा चलाएको भन्दै वर्तमान अध्यक्ष ढकाललाई नै दोहोऱ्याउनु उचित हुने मत राखेको बताइएको छ ।

सत्तारुढ दल नेपाली कांग्रेसको शुभेच्क्षुक संस्था एसोसिएसनले आगामी वैशाख ७ गते नयाँ नेतृत्वका लागि निर्वाचन गर्ने योजनासहित साधारणसभा गर्दैछ ।

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त यस **फाइन जब रिक्रुटमेन्ट प्रा.लि. (श्रम इजाजत पत्र नं. ११८०।०७३।०७४)** मा **कार्यालय सहयोगी** पदमा कार्यरत सर्लाही जिल्ला, हजारिया वडा नं. ०५ स्थायी ठेगाना भएको **वेचनी माया**लाई आफ्नै निजि कामको व्यस्तताले गर्दा कार्यालयको काम गर्न अशर्म्थताले गर्दा मिति **२०७८।११।३०** गतेदेखि यस प्रा.लि.बाट हटाईएको सम्बन्धित सबैमा जानकारी गराउदछौं साथै **वेचनी माया**सँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि काम नगर्न र नगराउनु हुन यसै सूचनाद्वारा सबैमा जानकारी गराइन्छ ।

श्रम इजाजत नं. ११८०/०७३/७४
**Fine Job Recruitment Pvt.Ltd.**
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512, 9841876087
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np

**एड्भेन्चर सिवाज प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **एड्भेन्चर सिवाज प्रा.लि.(दर्ता नं.१४७२६/०५७/०५८)** को मिति २०७८/०१/०२ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर:** राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१,
**फोन नं.** ०१-४३६०२७५, ९८५१०६८४११, **इमेल:** clnpservice@gmail.com

**मलेशियामा रोजगार**

१. कम्पनी : **T & H STAINLESS STEEL WORKS SDN.BHD.** शहर : **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०७६/०८/१५ चलानी नं.: ६०१४७३४७ LT. No.: 228142 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1100 | ३१,७०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : **SAN SOON SENG FOOD INDUSTRIES SDN. BHD** शहर : **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०७६/११/०६ चलानी नं.: ६०१५१९८५ LT. No.: 233493 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : **T & H STAINLESS STEEL WORKS SDN.BHD.** शहर : **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०७८/१२/१७ चलानी नं.: ६०१७६४५५ LT. No.: 235145

| | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 20 | 0 | स. काममा दक्ष | 1200 | ३४,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा कम्पनी नं. १ को २०७८ चैत २७ गते (10 April 2022), कम्पनी नं. २ को २०७८ चैत २५ देखि २७ गतेसम्म (8 to 10 April 2022) र कम्पनी नं. ३ को २०७८ चैत २५ देखि २०७९ वैशाख ४७ गतेसम्म (8 to 17 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 1405/074/075
**Chandra Kamana Manpower Pvt. Ltd.**
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१२/१८**

**एच.ओ.एस. नेपाल प्रा.लि. (H.O.S. Nepal Pvt. Ltd.)**, का.म.न.पा.–२७ को मिति २०७८/१२/०१ र २०७८/१२/०७ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम र ठेगानाको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम र ठेगाना परिवर्तन गरी **सेभेन हर्स एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (Seven Horse Educational Consultancy Pvt. Ltd.) (प्रा. लि. नं.: २४७६०२)**, का.म.न.पा.–१६ कायम गर्ने गरी मिति २०७८/१२/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१२/१८**

**ब्रिस्क एड्भाजइर्स प्रा.लि.**को मिति २०७८/१२/१२ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्याक्सोलुसन कर्प प्रा.लि. (प्रा. लि. नं.: २४९०२२)**, कायम गर्ने गरी मिति २०७८/१२/१५ गते श्री कम्पनी र जिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री भैरव माध्यामिक विद्यालय**
**भगवतीमाई गा.पा.-०७, वडाभैरव, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः- २०७८/१२/१८ गते**

१. श्री भैरव माध्यामिक विद्यालय देहायमा उल्लेखित निर्माण कार्यको लागि इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायी वा फर्मबाट रितपूर्वकको विद्युतीय बोलपत्र आह्वान गर्दछ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टीन्जेन्सी वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| BSS/BCW/NCB/01/078/079 | भैरव माध्यामिक विद्यालय पुस्तकालय तथा विज्ञान प्रयोगशाखा भवन निर्माण वडा नं. ०७ | १५४३६२७३.७६ | ३०००.०० | ४८००००.०० |

२. बोलपत्र पेश गर्ने र खोलिने अन्तिम म्यादः

| बोलपत्र पेश गर्ने अन्तिम मिति | | बोलपत्र खोलिने मिति | | बोलपत्र फाराम खरिदको लागि बैंक खाता | | | बोलपत्र जमानत दाखिला गर्ने बैंक खाता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्बर | बैंक र शाखा | खाताको नाम | खाता नम्बर | बैंक र शाखा |
| २०७९/०१/२० गते | १२:०० बजे | २०७९/०१/२० गते | २:०० बजे | श्री भैरव मा.वि. खोर | १५१०१०३० ३६२०००११ | प्रभु बैंक भगवतीमाई | श्री भैरव मा.वि. कोष खाता | १७७००१०१०३ ०३६२०००००२ | प्रभु बैंक भगवतीमाई |

थप सूचनाको लागि श्री भैरव माध्यामिक विद्यालय भगवतीमाई-०७ मोवाईल नं. ९८६८९१०७९५ सम्पर्क राख्नुहोला । विस्तृत सूचना तथा विवरणको लागि भगवतीमाई गाउँपालिकाको कार्यालय दैलेखको वेवसाइट www.bhagawatimaimun.gov.np वा खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np.egp हेर्न सक्नुहुनेछ ।

**प्रधानाध्यापक**

# विवादकाबीच तीन एआईजीलाई फुली

**काठमाडौं/मस**–नेपाल प्रहरीको अतिरिक्त प्रहरी महानिरीक्षक (एआईजी)मा बढुवा भएका तीन प्रहरी अधिकारीले दर्ज्यानी चिह्न लगाएका छन् ।

एआईजीत्रय वसन्तकुमार पन्त, धिरजप्रताप सिंह र रबिन्द्रबहादुर धानुकले दर्ज्यानी चिह्न लगाएका हुन् । प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले उनीहरूलाई दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

मन्त्रिपरिषद बैठकको बिहीबार बसेको बैठकले मात्र उनीहरूलाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको थियो । गृह मन्त्रालयले गत १ चैतमा तीनै जना डीआईजीलाई एआईजीमा बढुवा गर्न सिफारिस गरेको थियो ।

प्रहरी प्रवक्ता विष्णुकुमार केसीका अनुसार सिंहले सीआईबीमै जिम्मेवारी पाएका छन् । यसअघि डीआईजी हुँदा पनि उनी त्यहीँ कार्यरत थिए । सीआईबीमा एआईजीको दरबन्दी कायम गरिएको थियो । दरबन्दी थप भएपनि सिंहले त्यहीँ निरन्तरता पाएका हुन् । धानुकले प्रशासन विभागको जिम्मेवारी पाएका छन् । यसअघि मानव श्रोत र प्रशासन विभाग एउटै थिए । तर तीन एआईजीको दरबन्दी थप भएसँगै त्यसलाई फुटाउने निर्णय भएको थियो । विभाजन गरिएको प्रशासन विभागको जिम्मेवारी धानुकले पाएका हुन् । एआईजी पन्तलाई प्रदेश समन्वय विभागको जिम्मेवारी दिइएको छ ।



### सर्वोच्चमा रिट

प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) बढुवाविरूद्ध प्रहरी नायब महानिरीक्षक (डिआइजी) ईश्वरबाबु कार्कीले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । आफूभन्दा जुनियर डिआइजीलाई बढुवा गरेको भन्दै असन्तुष्टि जनाउँदै उनले गृह मन्त्रालय र लोक सेवा आयोगको निर्णय बदर गरी आफूलाई बढुवा गरी पाऊँ भन्दै सर्वोच्चमा रिट दायर गरेका हुन् । रिटको सुनुवाइ २० गतेको लागि तोकिएको छ । उनीसँगै डिआइजीद्वय घनश्याम अर्याल र प्रकाशजंग कार्की पनि असन्तुष्ट थिए । उनीहरू पनि छुट्टाछुट्टै रिट लिएर सर्वोच्चमा पुगेका छन् । दुई रिट दर्ता हुने प्रक्रियामा रहेको छ । ती डिआइजीले यसअघि लोक सेवा आयोगमा पनि निवेदन दिएका थिए । तर आयोगले मन्त्रिपरिषद्को बढुवा गर्ने निर्णय सदर गरिदिएको हो ।

# सवारीसाधनको भाडादर समायोजन

**काठमाडौं/मस**–भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले लामो दूरीका सवारीसाधनमा भाडा समायोजन गर्न स्वीकृति दिएको छ ।

मन्त्रालयले बिहीबार यातायात व्यवस्था विभागलाई वैज्ञानिक भाडादरका आधारमा नयाँ भाडादर कायमका लागि सैद्धान्तिक सहमति दिएको हो । हाल कायम रहेको भाडादरमा ११ देखि १४ प्रतिशतसम्म भाडादर वृद्धि हुनसक्ने विभागका महानिर्देशक नमराज घिमिरेले बताए ।

लामा दूरीका सवारीसाधनमा भाडादर समायोजन गर्न लागिएको र त्यसमा बस, ट्रक पहाड र ट्रक तराई गरी तीन प्रकारका सवारीसाधन रहेको विभागले जनाएको छ । यसअघि भाडा समायोजन गर्न विभागले सैद्धान्तिक सहमतिका लागि मन्त्रालय फाइल पठाएको थियो ।

बिहीबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले निर्णय गरेपछि पुनःफाइल विभाग पुगेको छ । आइतबार प्राविधिकले सूत्रका आधारमा कुन रुटमा कति भाडा कायम गर्ने भनी निर्णय गर्ने महानिर्देशक घिमिरेले बताए । उनले भने, 'प्राविधिकले आवश्यक काम गरेर आइतबार सूचना निस्कन सक्छ ।' मन्त्रालयबाट पेट्रोलियम पदार्थको भाडा पाँच प्रतिशत घटबढ हुँदा समायोजन स्वतः हुने र कसैले माग गर्न नपर्ने व्यवस्था गर्न लागेको विभागले जनाएको छ ।

विगतमा पनि स्वचालित भाडादर लागू गर्ने भनिए पनि लागू भएको थिएन । सरकारले पछिल्लो पटक गत असार २८ गते सवारीसाधनको भाडादर समायोजन गरेको थियो । त्यसयता डिजेलको मूल्य ३४ प्रतिशत बढेको विभागले जनाएको छ । वैज्ञानिक भाडा निर्धारणका १३ सूचक छन् जसमध्ये पेट्रोलियम पदार्थले ३५ प्रतिशत ओगट्छ । अहिले विभागले अन्तर प्रदेश चल्ने सवारीसाधनको भाडादर समायोजन गर्न लागेको हो । संविधानअनुसार दुई वा त्योभन्दा बढी प्रदेशमा चल्ने राष्ट्रिय लामो दूरीको सवारीसाधनको भाडादर सरकारले निर्धारण गर्छ ।


प्रदेश सरकार
सडक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

उदयपुर ,प्रदेश नं. १

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०७८/१२/१८)**

यस कार्यालयबाट मिति २०७८/११/०६ मा प्रकाशित सूचना बमोजिम तपसिलका ठेक्काहरुको बोलपत्र न्यूनतम सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानाकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं | ठेक्का न. | कार्यको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कवोल रकम (मु.अ.कर र पि.एस.समेत ) रु |
|---|---|---|---|---|
| 1 | IDO/UDA/ NCB/W/05/ 078-079 | Upgrading of Bargachhi-Karamgachhi- Beldobhan-Letang-Chilaunebhanjyang-Tallo ranibas Road, Udayapur | Annanad Construction, Triyuga-10, Udayapur | ३१,००,८४१।३० |
| 2 | IDO/UDA/NCB/W/ 06/078-079 | Upgrading of Puware-Majhkharka -Everest View Top-Limchungbung Sadak,Udayapur | Bhimeshwor Construction Pvt.Ltd., Biratnagar | २९,८३,५७०।७३ |
| 3 | IDO/UDA/ NCB/W/07/ 078-079 | Upgrading of Airport Jantedhunga Sawa Khola Mukhyamantri Sadak, Khotang | Dhanusuna Construction, Triyuga-13 , Uayapur | ४५,८६,९२०।६२ |
| 4 | IDO/UDA/ NCB/W/08/ 078-079 | Upgrading of Lalbazar Uchalne Dhunga Laamidanda puwarthumka Bhojpur Road,Udayapur | Maa Chandra Construction, Belka | ४६,३१,९९७।४५ |
| 5 | IDO/UDA/ NCB/W/09/ 078-079 | Upgrading of Dhaplang Dhurtung Barapokhari Road,Khotang | Dhanusuna Construction, Triyuga-13 , Uayapur | ४५,७५,०६२।९७ |
| 6 | IDO/UDA/ NCB/W/10/ 078-079 | Construction of Approach road & Protection Work of Tawa khola bridge, Sakela & Diprug rural Muncipality, Khotang | Fast & Fast Construction & Suppliers Pvt. Ltd. | ५२,८४,१९१।७१ |
| 7 | IDO/UDA/ NCB/W/11/ 078-079 | Upgrading of Kepilashgadhi-1 to Bhojpur joining fedi dhodre sadak | Bidur Nirman Sewa Pvt. Ltd., Bhojpur | १७,८०,८९६।९५ |

मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

### बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना

**प्रकाशित मितिः २०७८/१२/१८**

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e–bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु.(मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | MMSI/WORKS/ NCB/2077-78/30 | Damai Tole Basti Samrakshyan | M/S Bujan Devi Nirman Sewa, Melamchi Sindhupalchok | NRs.13,42,573.15 |
| 2 | MMSI/WORKS/ NCB/2078-79/31 | BahunePati KauleDovan pati Bhanjyang Sadak Marmat | M/S Gehendra Laxmi Nirman Sewa, Melamchi Sindhupalchok | NRS.42,25,897.85 |
| 3 | MMSI/WORKS/ NCB/2078-7/32 | Melamchi-Khalde Sadak Marmat | M/S Gehendra Laxmi Nirman Sewa, Melamchi Sindhupalchok | NRS.20,11,286.38 |
| 4 | MMSI/WORKS/NCB/ SQ/2078-79/06 | Melamchi Nagar Hospital Prefab Emergency Room Construction | M/S Bujan Devi Nirman Sewa,Melamchi Sindhupalchok | NRS.19,37,019.97 |

### INVITATION FOR BIDS

**Second Date of Publication :2078/12/18**

Melamchi Municipality invites sealed quotation from eligible bidders for the following works.

| S.N | Name of the Project/ Contract Identification No. | Estimated amount Including Vat | Bid Security Amount NRs | Price of Bid Document NRs | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Melamchi-Fhatte-Dauchet-keureni Sadak Marmat Melamchi-08(MMSI/ WORKS/NCB/SQ//2078-79/07) | 9,71,298.26 | 25,000.00 | 1,000.00 | 2078/12/18, 12:00 Hrs. | 2078/12/24, 13:00 Hrs |

Eligible Bidders may obtain further information from the Office of the Municipal Executive,Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089,Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.

प्रमुख प्रशासकीय अधिकृत

## Karnali Province Sports Development Council

Birendranagar, Surkhet

### Invitation for Bids

**IFB No: 02-078/079**

**Date of First Publication: 2078/12/18 (1st April, 2022)**

1. Karnali Province Sports Development Council, Birendranagar, Surkhet invites Open Competitive Bidding from the eligible bidders for the construction works given in table below under National Competitive Bidding Procedures.

| SN | Contract Identification Number/ Name of project | Estimated Amount with VAT (NRs.) | Validity /Bid Security Validity Period | Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | Construction of Baikalpik Sports Playground , Birendranagar-7, Kalunchowk, Surkhet | 43,42,454.82 | 90/120 Days from bid Opening Date | 1,25,000.00 | 3000.00 |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
   Name of the Bank: **Rastriya Banijya Bank** Revenue Account Number: **1000200010000**
   Name of Office: **Karnali Province Sports Development Council, Birendranagar, Surkhet**
   Rajaswo Shirshak (revenue) Number: **14229** Security Account Number: **4080502000000**
   Office Code Number: **3500068056**
3. Eligible Bidders may refer complete set of Bid document for further information at the Karnali Province Sports Development Council, Birendranagar, Surkhet Telephone No: 9858077679 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
4. Bidder shall have the option of submitting their bids electronically only. Submission of Hard copy bids shall not be entertained.
5. Electronic bids must be submitted to the Karnali Province Sports Development Council, Birendranagar, Surkhet electronically through PPMO website http://www.bolpatra.gov.np/egp **on or before 12:00 hrs** on ***2079/01/19.(2nd May, 2022)*** Bids received after this deadline will be rejected.
6. The bids will be opened electronically at ***13:00 hours*** on ***2079/01/19.(2nd May,2022*** in the presence of the bidders' representatives who choose to attend in Karnali Province Sports Development Council, Birendranagar, Surkhet.
7. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of GoN.

**Member Secretary**

"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"

## कर्णाली प्रदेश खेलकुद विकास परिषद्

वीरेन्द्रनगर, सुर्खेत

### प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७८/१२/१८ गते**

यस कार्यलयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यलयको सवारी साधन क्याटलग विधिबाट खरिद कार्यको मुल्यांकन गर्दा तपशिलको प्रस्ताव न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिकखरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | प्रस्तावदाताको नाम | कवोल अंक मु.अ. कर सहित |
|---|---|---|
| १. | श्री एम.ए.डब्ल्यु भिर्दी कमर्सियल भेहिकल्स प्रा.लि.त्रिपुरेश्वोर, काठमाण्डौ | ४६,९९,००० (छ्यालीस लाख उनन्सय हजार मात्र) |

## Karnali Province Sports Development Council

Birendranagar, Surkhet

### Letter of Intent

**Date of Publication: 2078/12/18 (1st April, 2022)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned proponents successful in IFB **No. : NCB/CS/01/078-079** published in National Daily Newspaper on 2078/11/01 that the "Letter of Intent" has been issued in favor of following Proponent who is selected on RFP having substantially responsive evaluated in Technical and Financial Proposal .

| S.N | Contract ID No./Name Of Project | Substantially Responsive Consultant | Proposed Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|
| 1 | IFB No. : NCB/CS/01/078-079 (Peer Review of Project Design-Drawing of Provincial Stadium at Birendranagar, Surkhet) | M/S GRID-MASS-Shrestha JV,Kathmandu, | 1,39,41,940.00 |

**Member Secretary**

नेपाल सरकार
## कोहलपुर नगर विकास समिति
योजना कार्यालय कोहलपुर बाँके

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति :- २०७८/१२/१८)**

यस कार्यालयको मिति २०७८/११/२३ गते अन्नपूर्ण दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि बोलपत्र आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | मू. अ. कर सहित कबोल रकम रु. (PS बाहेक) |
|---|---|---|---|
| KTDC/Kohalpur/ NCB/078/79-06 | Asphalt Concrete works in different phase of KTDC | Khadka Nirman Sewa, Baijanath-1, Banke | 7,35,26,653/32 |

सदस्य सचिव

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ चैत २०७८, शुक्रबार
1 April 2022, Friday

## सम्पादकीय

# टावरमा अल्झिएको विकास

स्थानीय चुनाव नजिकिँदै गर्दा जनप्रतिनिधिहरूले आफ्नो कार्यकालमा गरेको राम्रो काम मध्ये भ्यूटावर निर्माण प्रमुख बन्न पुगेको छ । प्रधानमन्त्री शेरबहादुर देउवा, सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड देखि प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली चुनावी सभासँगै भ्यूटावर उद्घाटनमा व्यस्त हुन पुगेका छन् ।

शीर्ष नेताहरू भ्यूटावर उद्घाटनमा व्यस्त देखिनुले पनि जनप्रतिनिधिहरूको आफ्नो कीर्ति भ्यूटावरमा राख्ने प्रयत्न गरेको लुक्दैन । प्रचण्डले रोल्पा पुगेर भ्यूटावर बन्नुले पनि विकास निर्माण द्रूत गतिमा बढेको बताए । ओलीले रूपन्देही पुगेर अर्को कीर्तिमानी भ्यूटावरबारे चर्चा गरे । मन्त्रीहरू पनि चुनावको सम्मुखमा भ्यूटावर उद्घाटनमा व्यस्त हुन पुगेका छन् । यसले मुलुकको कति बजेट भ्यूटावरमा खर्चियो भन्ने पुष्टि हुन्छ ।

पहाडका डाँडा र तराइका फाँटहरूमा भ्यूटावर बन्दा समृद्धिलाई सहयोग पुगेको नेताहरूको कथन छ । भ्यूटावर बनेपछि पर्यटक आउने भए, त्यसबाट आर्थिक विकासमा टेवा पुग्ने उनीहरू तर्क गर्छन् । भ्यूटावर निर्माणलाई जोड दिनेहरूले पनि नेपालमा पर्यटनमार्फत् विकास हुने विश्वास गर्छन् । यदि भ्यूटावरकै कारण पर्यटकीय क्षेत्रबाट आर्थिक विकासमा सहयोग पुग्छ भने त्यो राम्रै पनि हो । अहिले मुलुकको ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रले ३ प्रतिशत योगदान गर्छ । गौतमबुद्धको जन्मस्थल लुम्बिनी र पशुपतिनाथमा हिन्दूहरू आकर्षण भएपनि पर्यटनको मूल खम्बा भने हिमालय आकर्षण नै हो । हिमालय दृष्य हेर्न आउने विदेशी र आन्तरिक पर्यटककै कारण पर्यटन क्षेत्रबाट कुल ग्राहस्थ उत्पादनमा ३ प्रतिशतको योगदान सम्भव भएको हो ।

तर भ्यूटावरलाई विकासको सूचक मानेर चलिरहेको निर्माणको प्रतिशपर्धाको चर्को आलोचना पनि भइरहेको छ । आलोचकहरूको मत छ– भ्यूटावर बन्दैमा विकासले गति लिदैन । अझ अग्लो डाँडामाथि भ्यूटावरको जरूरी नै हुँदैन । किनभने डाडाँ आफैमा टावर हो । हुन पनि पर्यटकीय क्षेत्रबाट जति मुलुकको अर्थतन्त्रमा टेवा पुगेको छ । त्यो भन्दा दश गुणा बढीले जीडीपीमा वैदेशिक रोजगारले योगदान गर्छ । पछिल्लो तथ्याङ्कअनुसार, जीडीपीमा ३० प्रतिशत योगदान रेमिट्यान्सको छ ।

यो भनेको कृषि क्षेत्र बराबर हो । त्यसैले भ्यूटावर भन्दा बढी मुलुकमा उत्पादन मुलुक क्षेत्रमा लगानी आवश्यक रहेको मत राख्नेहरू धेरै छन् । यसबारे सोच्नुपर्ने दायित्व सम्बन्धित क्षेत्रको मात्रै होइन । अझ चुनाव नजिकिएकाले विकासको उत्तम प्रणाली रोज्ने जनप्रतिनिधि चयन गर्ने र अहिलेका जनप्रतिनिधिहरूको मूल्याङ्कन गर्ने अवसर मतदाताले पाएका छन् । जसको उपयोग आउने चुनावमा पक्कै पनि हुनेछ ।

# नेताको चिन्ता र जनताको समस्या

*आदर्श र यथार्थ फरक हुन्छ । गएको चुनावमा चितवनमा रूख गएर हँसिया हथौडासँग टाँसिएकै हो । अहिले पनि श्री ५, श्री ४ हरू टाँसिएकै छन् । केको सिद्धान्त, केको विचार ?*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

सबैलाई थाहा छ, देशमा माटो बाहेक आफ्नो केही छैन । एक चौथाई बढी नेपालीहरू विदेशमा छन् । कोही युरोप, अमेरिका सुख सयलमा पनि होलान् तर, धेरै नेपाली छन् खाडीमा छन्, र त गीतहरू बन्छन् पशुपति शर्मा, प्रकाश सपुतहरू । देशमा विगत तीस वर्षमा धेरै परिवर्तन भए, तर देशको नेतृत्व उही छ । व्यवस्था परिवर्तन भयो तर, अवस्था उही छ । होइन घाटामा छ, ऋणमा छ, संरचनाहरूले मियो समात्न सकेका छैनन्, महँगी अकाशिएको छ, बेरूजु बढेको छ, मेलम्ची उठेको छैन, गृष्मको आरम्भसँगै खानेपानीको सख्त अभाव छ । सवारी साधनको पटक्कै प्रयोग नभएको कोरोनाकालमा संसारमा तेलको मूल्य भारी गिरावट भयो, यहाँ मूल्य बढ्यो । कोरोनाको कम भयो, रसिया र युक्रेन भूइँ छोडेर उफ्रन थाले, कच्चा तेलको मूल्य बढ्यो दुई हप्ता, तर संसारमा प्रति ब्यारल तेल ३० डलरभन्दा बढीले घट्यो । फागुन १६ को अवस्थामा आयो, यहाँ मूल्य फेरि बढाइयो, अनाडीमै प्रहार गरियो र भनियो अर्बौं घाटा हुने भयो आयल निगमलाई, मनोवैज्ञानिक दवाव पनि कति विषयमा खेपिरहने हो नेपालीले, यकिन भएन । दसथरि कर तेलमा किन थोपरेको र लिकेज कन्ट्रोल किन नगरेको ? किनेको भन्दा दोब्बर भाउमा बेच्दा घाटा कसरी भयो ? अरू विषयमा निजी व्यापारीहरूले यसो गरे भनेर किन तड्पिने अब ?

फागुमा २ अर्बको रंग आयात, आयातै आयात, धान रोप्दा बीउ र मल, दसैं आउँदा खसी बोका, तिहार आउँदा भाइ मसला, माघे सक्रान्ति आउँदा तरूल सखरखण्ड, तीज आउँदा चुरा पोते, विहान बेलुकी चामल, रात पर्दा बैट्री, इन्भर्टर र विजुली पनि आयात भएकै हो । आयात केवल नाना, छाना, खानाको मात्रै होइन आयात त राजनैतिक प्रणालीको पनि भएको हो । कार्ल मार्क्स, माओ, लेनिन, गान्धी जे भने पनि आयात नै हो वारिपारिबाट । बिजुलीको खम्बा गाड्न पनि एमसीसी आउने प्रायः निश्चित भइसकेको छ । हिँड्ने बाटो विदेशीले बनाइदिए, पढ्ने विद्यालय, अनि स्वास्थ्य केन्द्रहरू पनि । कति सजिलो हामीलाई केवल चुनाव गर्ने, चुनावमा विचार मिल्नु नपर्ने, साँठगाँठ राम्रै हुने, तालमेल गर्ने पद बहाली गर्ने, कर उठाउने, विदेशीसँग सहयोग माग्ने, जनतालाई जन्मदै ६० हजारको ऋण थाप्लोमा राखिदिने । 'आए आँप, गए झटारो' सके बालुवाटार वा शीतल निवास नसके खुमल्टार, बालकोट, बूढानीलकण्ठ, केही नलागे ठेकेदारहरूले तयारी गरेका घरमा जय नेपाल, जिन्दावाद, लालसलाम ।

वैशाख ३० नआउँदै बजारले उपभोक्ताको मलिन मुख हेर्न छोडेर, नेताजीहरूको हँसिलो मुख हेर्न थाल्यो । झण्डा हेरेकै हो, झण्डाको छहारी पाएकै हो । उपभोक्ताबाट लिने कार्यकर्ता, नेतालाई दिने हिसाब डेबिट र केडिट मिलाउनेलाई कन्ट्राब्यालेन्स भनिन्छ । हिजो पनि गरिएकै हो, आज नयाँ भएन, परि आए भोलिलाई पेश्की मिल्छ, चिन्ता छैन । केवल चाहियो नजर व्यापारीप्रति झुकाव, भाडा अचाक्ली छ, सामान यहाँ फल्दैन । आयात गर्दा मनग्गे तिरो तिर्नु पर्छ । सामानको ढुवानी, भण्डारण खर्च, स्टाफ पाल्नु पर्ने, व्यापारीहरूले उपभोक्ताहरूको न्याउरी मूसोको जस्तो अनुहार कसरी हेर्न सकिन्छ र ती संगठित पनि छैनन् । उपभोक्ता अधिकारकर्मीहरू हल्का कराएजस्तो गर्ने हुन्, गर्दै गर्लान्, विज्ञप्ति निकाल्लान्, तिनले लाउने लछारपाटो के हुन्छ ? व्यापारीहरूको आफ्नै संघ संस्थाहरू जति पनि छन्, राजनीतिक दलहरूले सिण्डिकेट गर्नु हुने हामीले किन नहुने ? उनीहरूको तर्क पनि सत्र आनै बेठीक भन्न सकिएन ।

लोकतन्त्रमा सरकार संसदले बनाउछ, संसद जनताले बनाउछन् तर, जनताले हाले सूर्यमा भोट, सूर्य बदलिएर कलम हुन्छ, कलमको काम काव्य लेख्ने हो, अर्थात् कल्पनाको विज्ञ हुनु कवि हुनु हो, लेखक हुनु हो, लेखकहरू पत्र पत्रिकामा लेखिरहन्छन्, काग कराउँछ, पिना सुक्छ, हुने केही होइन । हुने बरू अप्राकृतिक गठबन्धन हो, सुपर ग्लूले काम गरेपछि त्यहा न दर्शनले काम गर्छ न सिद्धान्तले, विचार भनेको त क्षण क्षणमै बदलिने कुरा हो, माओ जीवित छैनन्, न लेनिन न अब्रांहम लिंकन, न बिपि, गणेशमान, कृष्णप्रसाद, पुष्पलालहरू नै, तिनले भनेकै भरमा किन बस्ने, अरूलाई देखाउन सम्म कोठामा फोटाहरू राखे



> कति सजिलो हामीलाई केवल चुनाव गर्ने, चुनावमा विचार मिल्नु नपर्ने, साँठगाँठ राम्रै हुने, तालमेल गर्ने पद बहाली गर्ने, कर उठाउने, विदेशीसँग सहयोग माग्ने, जनतालाई जन्मदै ६० हजारको ऋण थाप्लोमा राखिदिने । 'आए आँप, गए झटारो' सके बालुवाटार वा शीतल निवास नसके खुमल्टार, बालकोट, बूढानीलकण्ठ, केही नलागे ठेकेदारहरूले तयारी गरेका घरमा जय नेपाल, जिन्दावाद, लालसलाम ।

भइहाल्यो । आदर्श र यथार्थ फरक हुन्छ । गएको चुनावमा चितवनमा रूख गएर हँसिया हथौडासँग टाँसिएकै हो । अहिले पनि श्री ५, श्री ४ हरू टाँसिएकै छन् । केको सिद्धान्त, केको विचार ? नेपाल सानो र गरिब देश जनता पनि त्यस्तै छन्, मिलिजुली लैनो भैंसी दुहुने, कुँडेमा तताउने, बाक्लो दूधको तर मार्ने, अहिलेकोचुनावमा पनि गठबन्धन नै गर्नुपर्छ नत्र २३ सिट ल्याउनेले बालुवाटार कसरी पाउने ? भैंसी दोहनमा बालकोट पनि कम छैन र त एम सि सि खुरूक्क छिराइदियो, रोए जस्तो पनि कुटे जस्तो पनि कस्तो लोकतन्त्र हाम्रो, भित्र मौन बाहिर ढुँगामुढा, काम सकिएपछि बानेश्वरको मूल अड्डा बन्द, सर्वोच्चको महाअभियोग त बार्गेनिँगका लागि पो हो त, यस्ता कुरामा बानेश्वरको समय खेर फालेर होला ? कति राम्रो विचार जन जिविकाका प्रश्न कतै नउठ्दै तलव भत्ता स्वाहा, अड्डा बन्द, आउने बजेटका लागि खोलौंला, सल्लाह मिलेकैछ, यस्तो सानो देशमा यति ठूला संस्थाहरू निरन्तर चलाइरहन आवश्यकै किन ?

चुनाव आयो बैंकमा पैसा नभए, खाटामुनि बोराबाट झिक्ने, आयोगले खर्चको सीमा तोकेछ, अचम्म यत्रो महँगीमा ६/७ लाखले के गर्ने ? राम्रै भयो हात्तीका दाँत एउटै हुन्नन् नि । बेस्सरी सडक तताए विचरा साना दलले, आखिर आयोगले पैतालाले टेक्न सक्या होइन, मागबमोजिम उनीहरूले आफ्नो दलको चुनाव चिह्न पाउने भए । खर्चको सीमा पनि पछि गएर मिल्ला बढी, आचार संहिता पनि ठूला ठालुहरूले कहाँ लागु गरेका छन् र । आयोगको स्वीकृतिका लागि लेखि पठाउने, सरूवा बढुवा जिन्दावाद भएकै हो पहिले पनि, प्रचार प्रसारमा आचार संहिताको अनुगमन गर्न आयोगको जनशक्ति होला के ? उम्मेदवारी दर्तामा पदसिनहरूले राजिनामा दिनु पर्ने के भनेको आयोगले यसो गर्दा सेवा प्रवाह रोकिन्छ रे सूर्यको धम्की आइसक्यो, कति माया जनताको, कति सजग सेवा प्रवाहको,त्यसै चालु खर्च सिनित्तै भएको छैन नी, राजस्व पनि त पूरै ५८ प्रतिशत उठाउन सकियो अहिलेको ८ महिनामा, यसै आ वको ८ महिनामा वित्तीय व्यवस्थापन तर्फ ३१:५२ प्रतिशत अर्थात् ५९ अर्ब ७१ करोड उडाइयो, यो अबधिमा पूँजीगत खर्च भने दुई तिहाईको सूर्य चिह्नको गत आ व को भन्दा २ प्रतिशतले कम, ८ महिनामा जम्मा २०:४ प्रतिशत अर्थात् ७७ अर्ब ७४ करोड मात्र, लक्ष्य त थियो नि हरेक महिनाको १० प्रतिशत गर्ने भनेर तर के गर्नेगठबन्धन झन्झटिलो बेला परेर पो, बहुमत देऊ जनता शत प्रतिशत सिनित्तै भइहाल्छ, १५ र ४८ सालमा जस्तो मेजोरिटी देऊ त चमेराहरूलाई भित्तामा पुऱ्याइदिन्छौं । १४ सिट नै अर्काको सापटी ल्याएको रे, अनि अर्का मित्रलाई अरूले पछारे रे, अनि यता लिनु परेन त, यो हाम्रो संस्कारै हो नि, मतदाता कहिले पो नठगएिका हुन् र ।  देशमा माइठ  इज राइट् छ, हरियो स्वस्तिक चिह्न प्रयोग गर्न लाग्दा त बालकोटले तर्साएकै बेला आचार संहिताको कुरा के गर्ने ? एक महिना पनि पद बाहिर बस्न नसक्ने हाम्रा पभूहरूले त्यसै जनतामा सिँगो व्यवस्थाप्रति निराश र उदासिन त बनाएका छैनन् नि कसो ।

चुनावमा हेलिकप्टर चढ्नु पऱ्यो । अरूबेला त चढिएको अहिले झन् जनता माष्टर हुने दिन  भेटघाट गर्नु परेन । हुम्लीले काठमाडौं आएर चामल मागेका रे, उखु किसानले थापाथलीमा आएर रे, यति काम भएन भने खर्चिलो संघीयताको अर्थै के रहन्छ र ? दलका यत्राविधि कार्यकर्तालाई कहाँ रोजगारी दिनु, उद्योग छैन, कलकारखाना छैनन्, अन्यत्र रोजगारी दिन सकिन्न । मेलम्ची नआए पनि अर्कोपटकसम्म ल्याइदिउँला, जनकपुरको रेल मात्रै होइन पहिले भनिएका रेल मेट्रो, मोनोरेल सबै सजाइदिउला । काठमाडौंको फोहोर बन्चरे डाँडाको ल्याण्डफिल्ड साइट निर्माण ३ वर्षमा सकिने भनी झुक्किएर पहिले भनिएछ, भर्खरै १६ वर्ष भयो । अब विकासोन्मुखमा देश स्तर वृद्धि हुँदैछ ५ वर्ष पछि, त्यति बेला उठाउँला फोहोर काठमाडौंको, सिस्डोल, बन्चरे डाँडोमा जाने बाटो ५ वर्षअघि ठेकेदारले सम्झौता गरेकै हो, अहिले आधा कालोपत्रे त भएकै छ । अब यो चुनावपछि पूरा भइहाल्छ नि, के को हतारो । आखिर गर्ने हामीले नै त हो, हामी आउँला गरौंला । महँगी त अन्तर्राष्ट्रिय समस्या हो, यहाँ उत्पादन छैन जनताले बुझिहाल्छन् नि । नूनदखि सूनसम्म विदेशबाटै आउछ, यहाँ सियो पनि बन्ने होइन । हामी दलहरूले देशको उत्पादनमा जनतालाई प्रयोग गर्न नसके पनि तिनलाई आफ्नो दलको काममा त लगाउनै पऱ्यो, चुनावमा झन् तिनलाई प्रयोग गरिएन भने अघिपछि पालेको के काम, खेती किसानी काममा अल्मल्याएर भएन, त्यो कामबाट आउने परिणाम धेरै कम छ, हातलागी शून्य हुनुभन्दा छिटो कमाउने, लगानी गर्नै नपर्ने राजनैतिक उद्योगमा पो तिनलाई सरिक गराउनु पर्छ त, विदेशमा नेता को हुन् सर्वसाधारणलाई थाहा नभएजस्तो हुनु भएन नि, यहाँ त जनताभन्दा नेता धेरै अनि हरेक विषयमा राजनीति नगरी हुन्न क्या, नत्र नेताहरूलाई सधैं कसरी पद मिल्छ ? मुख्य मुख्यलाई त कहिले उत्तर, दक्षिण वा समुद्र पारिबाट भए पनि आशीर्वाद आइहाल्छ, स्थानीयमा त केन्दीय नेतृत्वलाई नरिझाई भएन नि, टिकट लिन कुन मुस्किल, कति लगानी गर्नु छ । युक्रेनका जेलेन्स्की त्यसै बलिया भएका हुन् र ? देशलाई ध्वस्त पार्न सके पनि उनले अरू बलियाका साथ पाएकै छन्, उनले अरू देशको संसदमा भिडिओ सम्बोधन पठाए, बल गर दाजु भनेर । यो ग्लोबलाइजेशनको जमानामा एक्लै कसरी बाँच्ने ? एक अर्काको साथ नभई तालुमा आलु फल्दैन क्या ।

## सामाजिक सञ्जाल



